आज मिति २०७६ साल पुष ०३ गते विहिवारका दिन दिउंसो ३:०० बजे जनकपुरधाम उपमहानगरपालिका का का.व.प्रमुख श्री रिता कुमारी मिश्र ज्यू को अध्यक्षतामा नगर कार्यपलिकाको बैठकमा देहाय बमोजिमको उपस्थिति रहयो ।

उपस्थिती:-

| क्र.सं. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रिता कुमारी मिश्र | नगार उपप्रमुख | |
| २ | श्री शत्रुधन साह | वडाअध्यक्ष, वडा नं.१ | |
| ३ | श्री शिव कुमार साह | वडाअध्यक्ष, वडा नं.२ | |
| ४ | श्री दिपेन्द्र साह | वडाअध्यक्ष, वडा नं.३ | |
| ५ | श्री पंकज मण्डल | का.वडाअध्यक्ष, वडा नं.४ | |
| ६ | श्री मनोज साह | वडाअध्यक्ष, वडा नं.५ | |
| ७ | श्री जगरनाथ साह | वडाअध्यक्ष, वडा नं.६ | |
| ८ | श्री जानकी राम साह | वडाअध्यक्ष, वडा नं.७ | |
| ९ | श्री रमेश ठाकुर | वडाअध्यक्ष, वडा नं.८ | |
| १० | श्री परमेश्वर साह | वडाअध्यक्ष, वडा नं.९ | |
| ११ | श्री मिथिलेश कर्ण | वडाअध्यक्ष, वडा नं.१० | |
| १२ | श्री राम चन्द्र साह | वडाअध्यक्ष, वडा नं.११ | |
| १३ | श्री शत्रुधन यादव | वडाअध्यक्ष, वडा नं.१२ | |
| १४ | श्री शुभ नारायण मण्डल | वडाअध्यक्ष, वडा नं.१३ | |
| १५ | श्री पुण्य प्रताप यादव | वडाअध्यक्ष, वडा नं.१४ | |
| १६ | श्री अशोक चौधरी | वडाअध्यक्ष, वडा नं.१५ | |

| | | | |
|---|---|---|---|
| १७ | श्री राम आशिष पजियार | वडाअध्यक्ष, वडा नं.१६ | |
| १८ | श्री परमेश्वर यादव | वडाअध्यक्ष, वडा नं.१७ | |
| १९ | श्री राम शंकर पासवान | वडाअध्यक्ष, वडा नं.१८ | |
| २० | श्री जगदिश यादव | वडाअध्यक्ष, वडा नं.१९ | |
| २१ | श्री भोगेन्द्र झा | वडाअध्यक्ष, वडा नं.२० | |
| २२ | श्री रामेश्वर महासेठ | वडाअध्यक्ष, वडा नं.२१ | |
| २३ | श्री शिव रत्न पाण्डे | वडाअध्यक्ष, वडा नं.२२ | |
| २४ | श्री शत्रुधन पाण्डे | वडाअध्यक्ष, वडा नं.२३ | |
| २५ | श्री सत्य नारायण साह | वडाअध्यक्ष, वडा नं.२४ | |
| २६ | श्री उमेश यादव | वडाअध्यक्ष, वडा नं.२५ | |
| २७ | श्री सुनिता देवी मेस्तर्नी | नगर कार्यपालिका सदस्य | |
| २८ | श्री पुष्पा कुमारी | नगर कार्यपालिका सदस्य | |
| २९ | श्री श्यामा झा | नगर कार्यपालिका सदस्य | |
| ३० | श्री सितिया देवी राय | नगर कार्यपालिका सदस्य | |
| ३१ | श्री चंचल देवी | नगर कार्यपालिका सदस्य | |
| ३२ | श्री श्याम प्रसाद साह | नगर कार्यपालिका सदस्य | |
| ३३ | श्री सलामत साफी | नगर कार्यपालिका सदस्य | |
| ३४ | श्री दिगम्बर साह सुडी | नगर कार्यपालिका सदस्य | |
| ३५ | श्री धर्मानन्द जोशी | सदस्य सचिव (प्र.प्र.अ) | |

निर्णयहरु:-

**निर्णय न. १ :-**

भारतीय प्रधानमन्त्री ज्यू को जनकपुरधाम भ्रमण को समयमा घोषणा भएको भारतीय एक सय करोड रुपैया सहयोगमा जनकपुरधाम मा राम सीता सम्मेलन केन्द्र निर्माण गर्ने सो को (DPR) बिस्तृत योजना प्रतिबेदन तयार गरि सम्बन्धित निकायहरु संग माग गर्ने निर्णय गरियो ।

**निर्णय न. २ :-**

यस जनकपुरधाम उप-महानगरपालिकामा एशियाली विकास बैंकको सहयोगमा संचालित एकिकृत सहरी विकास आयोजनाको Contract No.: IUDP/DR/JNK/ICB-01, Improvement and Development of Strom Water Drainage & Urban Road Sub-Project कार्यको लागी Original Contract बमोजिम नगर विकास कोषसंग ऋण सम्झौता भई ऋण समेत उप-महानगरपालिकाले प्राप्त गरिरहेको सन्दर्भमा हाल सम्बन्धित् निकायहरुबाट २४.९८ प्रतिशत भेरिएसन समेत स्वीकृत भईसकेको हुदाँ भेरिएसन बमोजिमको थप ऋण स्वीकृतिको लागी नगर विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. ३ :-**

ODF र बाल मैत्री घोषणा गर्न एउट शीर्षक मा रू ७५ लाख बिनियोजन भएकोमा र ODF तर्फ रु. पचास लाख र बालमैत्री कार्यक्रम संचालन गर्न रु. पचिस लाख छुट्याई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय न. ४ :-**

आ. व. २०७५/०७६ को आन्तरिक लेखा परिक्षण गरिदिन कोष तथा लेखा नियन्त्रण कार्यालय, धनुषा लाइ अनुरोध गर्ने निर्णय गरियो । यदि कुनै कारण जनाई कोष तथा लेखा नियन्त्रण कार्यालय बाट आन्तरिक लेखा परिक्षण गर्न सम्भव नहुने भनि जानकारी प्राप्त हुन आएमा अन्य संस्था वा व्यक्ति बाट पनि उक्त आ. व. को आन्तरिक लेखा परिक्षण गराउने निर्णय गरियो ।

**निर्णय न. ५ :-**

यस उप-महानगरपालिका कार्यालयको निर्माणाधीन कार्यालय भवनको निर्माण कार्यको लागी स्वीकृत रकममा १६.७३ प्रतिशतसम्म भेरिएसन भएकोमा हाल आवश्यकता अनुसार प्राविधिकको प्रतिबेदन बमोजिम बढीमा २५ प्रतिशत सम्मको भेरिएसन गरि कार्य अगाडी बढाई सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय न. ६ :-**

यस उप-महानगरपालिका कार्यालयका बिभिन्न सरकारी सवारी साधनहरु को प्रत्येक बर्षको तेस्रोपक्ष बिमा गराउने निर्णय गरियो ।

**निर्णय न. ७ :-**

यस उप-महानगरपालिकाको वडा न. २० मा कार्यरत बन रक्षक राम भरोस दास लै २०७६ साउन १ गते देखि मासिक रु. ७०००/- का दरले परिसर्मिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. ८ :-**

साक्षरता बर्ष २०७६ र पोषण शिक्षा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय न. ९ :-**

मिति २०७६/७/१९ र २० गते का दिन यस उ.म.न.पा को अनुगमन तथा सुपरिवेक्षण समिति द्वारा पेश भएको अनुगमन प्रतिबेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय न. ९ :-**

जिल्ला धनुषा जनकपुरधाम उप-महानगरपालिका वडा न. १३ मा भएको SAG प्रतियोगिताको समयमा भएको विस्फोट घटनामा परि मृत्यु भएका बालक आलोक राउतको परिवारलाइ रु. पचास हजार (५००००/-) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. १० :-**

आ. व. ०७४/०७५ को अन्तिम लेखा परिक्षण प्रतिबेदन को पदाधिकारीहरु संग सम्बन्धित छायाँ कापी आगामी नगरपालिकाको बैठकमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. ११ :-**

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिमका विविध नियमावली र कार्यविधि बनाउन बिसय बिज्ञ को परामर्श सेवा खरीद गरि तयार गर्ने निर्णय गरियो ।

**निर्णय न. १२ :-**

यस जनकपुरधाम उप-महानगरपालिका का कार्यालय प्रमुखको प्रयोजन का लागि एउटा सवारी साधन खरिद गर्ने र सो का लागि रु पचास लाख बजेट ब्यबस्था गर्ने निर्णय गरियो ।

**निर्णय न. १३ :-**

यस उप-महानगरपालिका का परिक्रमा सडक क्षेत्रभित्र संचालनमा रहेको मांस मदिराका पसल हरु परिक्रमा सडक को २०० मिटर बाहीर ब्यबस्थापन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं- १४

मिति २०७६/८/१९ को जनकपुरधाम उप महानगरपालिका स्थानिय राजस्व परामर्श समितिको निर्णय सिफारिस अनुसार गुठी संस्थान तथा जनकपुरधाम उप महानगरपालिका बिच भएको सम्झौता बमोजिम गुठी अधिनस्त रहेका तपपिस बमोजिमका पोखरीहरु तथा साविक गा.वि.स. ले ठेक्का बन्दोबस्त गर्दै आईरहेका हाल न.पा. द्वारा ठेक्का बन्दोबस्त हुनुपर्ने तपसिल बमोजिमका पोखरीहरुको न्युनतम दर कायम गरी ठेक्का बन्देकस्त हुन राजस्व परामर्श समितिको निर्णय सिफारिस अनुसार ठेक्का बन्दोबस्त हुन निर्णय गरियो ।

तपसिल :–

गुठी अधिनस्त पोखरीहरु

| पोखरीको नाम | | विगत पाँच वर्षको ठेक्का अंक | | न्यूनतम पाँच वर्षको ठेक्का अंक |
|---|---|---|---|---|
| १. गोन्ही पोखरी (ज.उ.म.न.पा.वडा नं.१२) | – | २५८५०००।- | – | २६०००००।- |
| २. लवकी पोखरी (ज.उ.म.न.पा.वडा नं.१२) | – | ८७५०००।- | – | ९०००००।- |
| ३. भुतही पोखरी (ज.उ.म.न.पा.वडा नं.१२) | – | ६३३५०००।- | – | ६४०००००।- |
| ४. मटकोर्वा पोखरी (ज.उ.म.न.पा.वडा नं.४) | – | १००००५।- | – | १५००००।- |
| ५. दिर्घिका सर (ज.उ.म.न.पा.वडा नं.२ सन्दर्यीकरन पस्चात ठेक्का बन्दोबस्ती गर्ने ) | – | ४०५५५५५।- | – | ४१०००००।- |

नगरपालिका अधिनस्तका पोखरीहरु

| पोखरीको नाम | | विगत पाँच वर्षको ठेक्का अंक | | न्यूनतम पाँच वर्षको ठेक्का अंक |
|---|---|---|---|---|
| १. चौरी डवरा पोखरी (ज.उ.म.न.पा.वडा नं.१२ ठेक्का बन्दोबस्त नगरी किसानको लागी छोरने ) | – | २५००००।- | – | २६००००।- |
| २. नवकी पोखरी (ज.उ.म.न.पा.वडा नं.२०) | – | २१२५०००।- | – | २२००००० ।- |
| ३. साहु पोखरी | – | २१२५०००।- | – | २२०००००।- |

(ज.उ.म.न.पा.वडा नं.२०)

| | | | | |
|---|---|---|---|---|
| ४. तेलिया साहु पोखरी (ज.उ.म.न.पा.वडा नं.२०) | – | १००० ।- | – | ५०००।- |
| ५. खता ओलार पोखरी (ज.उ.म.न.पा.वडा नं.२२) | – | ११५००५।- | – | १२५०००।- |
| ६. खता (ने. सरकार) (ज.उ.म.न.पा.वडा नं.२२) | – | ११००००।- | – | १२५०००।- |
| ७. डबरा पोखरी (ज.उ.म.न.पा.वडा नं.२३) | – | ६५५४५।- | – | १०००००।- |
| ८. भतलाही पोखरी (ज.उ.म.न.पा.वडा नं.२३) | – | २८०२०००।- | – | २९०००००।- |

निर्णय

जनकपुरधाम उप महानगरपालिका को आर्थिक ऐन २०७६ को दफा (६)को अनुसुची–५ बमोजिम न.पा. को आन्तरिक श्रोतमा अभिवृध्दि गर्न रु.५००००००/– न्युनतम दर तोकी चालु आ.व. २०७६/०७७ को बाँकी अवधिको लागी ठेक्का बन्दोबस्त गर्न सुचना प्रकाशित हुन राजस्व परामर्श समितिको मिति २०७६/८/१९ को निर्णय सिफारिस बमोजिम ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।